ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्ग (५ जिल्लास्तर) को इजाजतपत्र प्राप्त वित्तीय संस्था)

च.नं : जिआरडिविएल/केका/०८१/०८२/३२८ मिति : २०८१/१२/०५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**विषय : <u>बाह्रौं वार्षिक साधारण सभा तथा शेयरधनी किताव बन्द (Book Close) हुने सम्वन्धमा</u> ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ग्रीन डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८१/१२/०५ गते अपरान्ह, ४ बजे बसेको संचालक समितिको २२६ औं बैठकको निर्णय बमोजिम बैंकको बाह्रौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले बार्षिक साधारणसभा तथा प्रस्तावित बोनश शेयर तथा नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) प्रयोजनार्थ मिति २०८१/१२/१५ गते शेयरधनी दर्ता किताव बन्द (Book Close) रहने व्यहोरा जानकारीका लागी अनुरोध गर्दछौं ।

साथै, वाह्रौं बार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०८१/१२/०६ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

**सभा बस्ने मिति, समय र स्थान**
मिति : २०८१ साल चैत २७ गते, बुधबार (तदनुसार ०९ अप्रील, २०२५)
समय : बिहान ११:०० बजे ।
स्थान : होटल पिस प्यालेस, हरि शंकर रोड, बाग्लुङ्ग नगरपालिका-०२ ।

**छलफलका विषयहरु :**
**क. सामान्य प्रस्ताव**
१) आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व २०८०/८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आ.व.२०८०/८१ को मुनाफा तथा संचित मुनाफा रकम समेतवाट यस डेभपलपमेन्ट वैंकको हाल कायम चुक्तापूँजी रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख वाईस हजार रुपैयाँ मात्र) को ०.३०२७ प्रतिशतले हुन आउने रु.१६,३०,७११.०० (अक्षरेपी सोह्र लाख तीस हजार सात सय एघार रुपैया मात्र) लाभाशंमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्ताव उपर छलफल गरि स्वीकृत गर्ने ।
४) लेखापरिक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

Green Development Bank Limited
Central Office

**Central Office:**
Pokhara-8, Newroad, Kaski
Telephone: 061-583590, 583634
E-mail: info@greenbank.com.np
Website: www.greenbank.com.np

५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकज्यूहरुको निर्वाचन गर्ने ।

६) सञ्चालकहरुको मासिक पत्रपत्रिका तथा टेलिफोन सुविधा रकम वृद्धी सम्वन्धमा ।

**ख. विशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम रु.५३,८७,२२,०००।- (अक्षरेपी त्रिपन्न करोड सतासी लाख वाईस हजार रुपैयाँ मात्र) को ५.७५ प्रतिशतले हुन आउने रकम रु.३,०९,७६,५००।०० (अक्षरेपी तीन करोड नौ लाख छयत्तर हजार पाँच सय रुपैया मात्र) वोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोहि बमोजिम अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धी गरी सम्बन्धित दफा संशोधन गर्ने ।

२) यस ग्रीन डेभलपमेन्ट बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) को लागि उपयुक्त संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी सम्झौतापत्र (MOU) मा हस्ताक्षर गरी अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम बोनस शेयर वितरण पश्चात रु.५६,९६,९८,५००।- (अक्षरेपी छपन्न करोड छयानब्बे लाख अनठानब्बे हजार पाँच सय रुपैयाँ मात्र) को १ : १.१०७१ ले हुन आउने रकम रु.६३०,७१३,२००।०० (अक्षरेपी त्रिसठ्ठी करोड सात लाख तेह्र हजार दुई सय रुपैयाँ मात्र) हकप्रद शेयर जारी गर्ने ।

४) बोनस तथा हकप्रद शेयर निष्कासन पश्चात् डेभलपमेन्ट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गरी अभिलेख गराउँदा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**ग. विविध ।**

भवदीय,

............................
हरि बहादुर बुढाथोकी
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

Green Development Bank Limited
Central Office

बोधार्थः

१. श्री नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ लि. पुतलीसडक, काठमाण्डौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री मुक्तिनाथ क्यापिटल लि., नारायणचौर नक्साल, काठमाण्डौं ।
५ .श्री नेपाल राष्ट्र वैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग काठमाण्डौं ।
६. वैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार काठमाण्डौं ।